# कृषि तथा वनविज्ञान विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
## रामपुर, चितवन

मिति: २०७६/०३/०९

### उम्मेदवारको अन्तिम नामावली प्रकाशन तथा कम्प्युटर सीप परीक्षा सम्बन्धी सूचना

कृषि तथा वनविज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय रामपुर चितवनबाट मिति २०७५/११/१२ गते प्रकाशित विज्ञापन नं. ४५/२०७५/०७६ देखि विज्ञापन नं. ५९/२०७५/०७६ सम्मका निम्नानुसारका विभिन्न प्रशासनिक तथा प्राविधिक पदका लागि आवेदन दिएका उम्मेदवारहरुको आवेदन उपर छानबिन गरी योग्य उम्मेदवारहरुको नामावली निम्नानुसार रहेकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आयोगबाट विज्ञापन गरिएका विभिन्न पदहरुमध्ये निम्नानुसारका प्रशासनिक पदहरुको कम्प्युटर सीप परीक्षा २०७६ साल आषाढ २८ गते शनिबार त्रि. वि., इन्जिनियरिङ अध्ययन संस्थान, इन्जिनियरिङ क्याम्पस पुलचोक स्थित सूचना प्रविधि केन्द्रको भवनमा तल उल्लेख गरेअनुसारको समयमा सञ्चालन हुनेछ । कम्प्युटर सीप परीक्षामा सहभागी हुने उम्मेदवारहरुको प्रवेशपत्र २०७६ साल आषाढ २६ र २७ गते बिहान १०: ०० बजेदेखि ४:०० बजेसम्म इन्जिनियरिङ क्याम्पस पुलचोक स्थित सूचना प्रविधि केन्द्रको भवनबाट वितरण गरिने छ । कम्प्युटर सीप परीक्षामा सहभागी हुने उम्मेदवारले आफ्नो प्रवेशपत्र आषाढ २७ गते ४:०० बजेभित्र अनिवार्य रुपमा लिइसक्नु पर्नेछ ।

**प्रवेशपत्र लिन आउदा फर्म भर्दाको सक्कल बैंक भौचर र Confirmation Page अनिवार्य रुपमा ल्याउनु पर्नेछ । अन्यथा परीक्षामा सामेल गराउन सकिने छैन ।**

विज्ञापन नं. ४५/२०७५/०७६ देखि विज्ञापन नं. ५९/२०७५/०७६ सम्मका सम्पूर्ण प्रशासनिक तथा प्राविधिक पदको लिखित परीक्षाको कार्यक्रम पछि प्रकाशित गरिने छ ।

### कम्प्युटर सीप परीक्षाको कार्यक्रम

| क.सं. | विज्ञापन नं. | पद | परीक्षा हुने समय |
|---|---|---|---|
| १ | ४७/२०७५/०७६ | लेखा अधिकृत | बिहान ८:००–८:३० |
| २ | ४६/२०७५/०७६ | सहायक प्रशासक | बिहान ९:३०–१०:०० |
| ३ | ५०/२०७५/०७६ | लेखापाल | दिउसो १२:००–१२:३० |
| ४ | ५२/२०७५/०७६ | हेड असिस्टेन्ट (क. सं.१ देखि २४० सम्म) | दिउसो २:००–२:३० |
| ५ | ५२/२०७५/०७६ | हेड असिस्टेन्ट (क. सं.२४१ देखि ३४८सम्म) | दिउसो ४:००–४:३० |

**परीक्षा समिति**